मितिः २०७७।१२।२९

**१०० औं कार्यपालिका बैठकका निर्णयहरू:**

**निर्णय नं. १**: ९९ औं कार्यपालिका बैठकका निर्णय कार्यान्वयन सम्बन्धि समीक्षा गरियो।

**निर्णय नं. २**: स्थानीय तह संस्थागत क्षमता स्व-मूल्याङ्कनको प्रारम्भिक नतिजा अनुमोदन गर्ने ।

**निर्णय नं. ३**: शुक्लाफाँटा नगरपालिकालाई पूर्ण खोपयुक्त नगरपालिका सुनिश्चितता तथा दिगोपना कायम गर्ने मिति २०७७।१२।२९ गतेको घोषणा सभाबाट पारित निर्णय अनुमोदन गर्ने ।

**निर्णय नं. ४**: शहरी विकास आयोजना कार्यान्वयन समन्वय इकाईमा कार्यरत कार्यालय सहयगी श्री निर्मला शाहीको २०७७ श्रावण देखि लागु हुने गरि पारश्रमिकबाट १० प्रतिशत रकम संचयकोष कट्टा गर्ने र सो बराबरको रकम थप गरी संचयकोषमा जम्मा गर्ने ।

**निर्णय नं. ५**: निर्माण व्यवसाय ठाँउसारी गर्न सकिने व्यवस्था कायम गर्न 'घ' बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५ संसोधन प्रस्ताव स्वीकृत गर्ने ।

**निर्णय नं. ६**: किशोर निर्माण सेवा, वेदकोट नपा-७ को 'घ' बर्गको निर्माण व्यवसायी इजाजत पत्र सम्बन्धी कार्यविधि, २०७५को अनूसुची-५ बमोजिमको योग्यता सम्बन्धि आवश्यक प्रमाण तथा कागजातहरू संलग्न राखि जाँचबुझ प्रतिवेदन आगामी कार्यपालिकामा पेश गर्न भौतिक पूर्वाधार विकास समितिलाई जिम्मा दिने।

**निर्णय नं. ७**: नगर स्तरिय कभर्ड हल, बसपार्क, चिस्यान केन्द्र र नगर उद्यानको स्थान छनौटको सम्बन्धमा आपसी छलफल र सहमति गरि अर्को कार्यपालिका बैठकमा पेश गर्ने ।

**निर्णय नं. ८**: शहरी विकास आयोजना अन्तरगत समाजिक विकास अधिकृत र वातावरण अधिकृत पदको विज्ञापन सम्बन्धि आगामि कार्यपालिका बैठकमा छलफल गर्ने ।

**निर्णय नं. ९**: आ. व. २०७८।०७९ को लागि प्रत्येक वडा कार्यालयले २०७७ बैशाख १५ गते भित्र टोल भेलाबाट योजनाहरू छनौट गर्ने र वडा समितिबाट प्राथमिकता क्रम निर्धारण गरी टोल भेला तथा वडा समितिको निर्णय सहित नगरपालिकामा पठाउने ।